"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हात्तीगौंडा, काठमाडौं
## बागमती, प्रदेश, नेपाल

## शिक्षा, युवा तथा खेलकुद महाशाखा

प.सं.-०७८।०७९ मिति:२०७८।०४।३२

च.नं.- 29

### छात्रवृत्तिमा छनोट सम्बन्धी सूचना ।

यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय श्री बूढानीलकण्ठ माध्यमिक विद्यालयमा सि.टि.ई.भि.टी. बाट सम्बन्धन लिई प्राविधिक धारमा **Diploma in civil engineering** र **Diploma in computer engineering** कोर्समा अध्ययन गर्न चाहने यस नगरपालिकामा स्थायी बसोवास भएका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा सहयोग गर्ने मनसायका साथ मेयर छात्रवृत्ति कोटा उपलब्ध गराईने भएकोले तपसिल बमोजिमका योग्यता पुगेका सरोकार राख्ने विद्यार्थीहरुमा स्थायी बसोवास गरेको सिफारिस र तोकिएको योग्यता पुगेको प्रमाणपत्र सहित छात्रवृत्तिमा छनोट हुनका लागि यो सुचना प्रकाशित भएको १५ दिन (मिति २०७८।०५।१४) भित्र शिक्षा युवा तथा खेलकुद महाशाखामा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : सिटिइभिटीबाट २०७८ सालमा लिइने प्रवेश परीक्षामा उतीर्ण भएको हुनुपर्ने । प्रवेश परीक्षाको सूचना लगायतका बारेमा विस्तृत जानकारीका लागि श्री बूढानीलकण्ठ माध्यमिक विद्यालय, बूनपा ३ को ०१४३७२३०० मा बिहान ७ बजेदेखि दिउसो ३ बजेसम्म सम्पर्क राख्नु पर्नेछ ।

..................................
**जगन्नाथ उपाध्याय**
**उपसचिव**

**तपसिल**

आवश्यक न्युनतम योग्यता : SEE मा अंगेजीमा D+, विज्ञान र गणितमा C ग्रेड

सिफारिस गर्ने विद्यार्थी संख्या : बढीमा ८ जना (नगरकोटी २, दलित २ र अन्य ४)

कोर्ष अवधी : ३ वर्ष

कोर्स मान्यता : ओभरसियर वा +२

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा Website मा सूचना अपलोड गरिदिनु हुन ।

श्री प्रधानाध्यापकज्युहरु - आ-आफ्नो विद्यार्थी तथा अभिभावकहरुलाई जानकारी गराउनु हुन ।

श्री वडा सचिवज्युहरु - आ-आफ्नो वडाको सूचना पाटीमा सूचना टाँस गरिदिनु हुन ।